# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, पोखरा

इमेलः info@pokharamun.gov.np
वेभसाइटः pokharamun.gov.np
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.

मिति :-२०७७/११/०४

**बेरोजगार निवेदन आह्वान सम्बन्धी सूचना !**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम १८-५९ वर्ष उमेरका न्यूनतम रोजगारीमा आबद्ध भई सामुदायिक तथा अन्य विकास निर्माणका आयोजनामा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले आफू बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा **२०७७ फाल्गुन मसान्त भित्र** मा निवेदन फाराम दिई सक्नु पर्ने नयाँ व्यवस्था भएको जानकारी गराइन्छ । निवेदनको ढाँचा पालिकाको वेभसाइट www.pokharamun.gov.np बाट डाउनलोड गर्न सक्नुहुनेछ ।

यस कार्यक्रम मार्फत वार्षिक १०० दिनको न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरा भित्र ल्याउन सहयोग पुर्याउने लक्ष्यलाई विवाद रहित, निष्पक्ष र सफल पार्न बेरोजगार व्यक्तिको परिवारले दिने निवेदनमा निवेदकका र निजका परिवारको तपसिलका सम्पूर्ण विवरण पुर्ण, यथार्थ, स्पष्ट र वडा कार्यालयबाट प्रमाणित भई आएको हुनु पर्नेछ । अन्यथा, अपूर्ण र झुट्टा निवेदन रद्द गरिनेछ ।

तपसिलः

१. निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरूको नागरिकता वा जन्म दर्ता प्रमाण पत्र अनुसारको सहि र स्पष्ट विवरण नाम, नागरिकता नं, जन्म मिति, जारी जिल्ला, जारी मिति ।

२. निवेदक सँग निजका परिवारको सम्पूर्ण सदस्यहरूको नाता, रोजगारीको अवस्था र सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा लिए/नलिएको विवरण ।

३. निवेदकको परिवारको सम्पूर्ण बेरोजगार सदस्यहरूको मात्र सीप, दक्षता र शैक्षिक योग्यता ।

४. निवेदकको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

५. नागरिकतामा भन्दा फरक ठेगाना भएमा विवाह दर्ता वा बँसाइसराइको प्रमाणित प्रतिलिपी ।

६. निवेदकको बैंकको खाता विवरण र वार्षिक पारिवारिक आम्दानी ।

*पुनश्चः (फाराम सम्बन्धी केही गुनासो वा असहज भएमा सम्बन्धित वडा कार्यालय वा पालिका स्थित रोजगार सेवा केन्द्रका रोजगार संयोजक श्री विष्णु प्रसाद दाहाललाई ९८५६००१००२ मा सम्पर्क गर्न हुन पनि अनुरोध गरिन्छ ।)*

..........................

(महेश बराल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत